आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.
RSDC LAGHUBITTA BITTIYA SANSTHA LTD.
(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'घ' वर्गको थोक लघुकर्जा प्रदायक गैरबैंकिङ वित्तीय संस्था)

च.नं. १६१/०८३/८४
मिति: २०८३/०७/१५

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ ।

विषय: लाभांश वितरण गर्न प्रस्ताव गरेको सम्बन्धमा ।

महाशय,

उपरोक्त सम्बन्धमा मिति २०८३ कार्तिक १५ गते आईतवार (१ नोभेम्बर, २०२६) दिउँसो ३:०० बजे बसेको सञ्चालक समितिको १९१ औं बैठकले आ.व. २०८२/८३ सम्मको वितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु. १,०३,४०,६४,४१७- को ९.४०% (नौ दशमलव चार शुन्य प्रतिशत) नगद लाभांश (कर समेत) अर्थात् रु. ९,७२,०२,०५५।२० (अक्षरेपि नौ करोड बहत्तर लाख दुई हजार पचपन्न रुपैया र पैसा बीस मात्र) वितरण गर्ने प्रस्ताव गरी नेपाल राष्ट्र बैंक समक्ष स्वीकृतिका लागि पेश गर्ने निर्णय गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।
साथै, उक्त प्रस्तावित लाभांश नेपाल राष्ट्र बैंकबाट स्वीकृत भई संस्थाको तेह्रौं वार्षिक साधारण सभाबाट पारित भए पश्चात प्रचलित ऐन/कानून बमोजिमका प्रक्रियाहरु पुरा गरी वितरण गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

सहयोगका लागि धन्यवाद ।

बोधार्थ:

१. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौ ।
२. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाण्डौ ।
३. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
४. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौ ।
५. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
६. श्री ग्लोवल आईमई क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ ।

भवदीय,

.....
ध्रुव कुमार पौडेल
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव
१५।०७।२०८३